**सायल गाउँपालिकाका उपाध्यक्ष**

**श्री विस्ना देवि सिंहले प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०७८।७९ को

# बजेट

सायल गाउँपालिका

डोटी

श्री गाउँ सभाका अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

आज सायल गाउँपालिकाको दशौं गाउँ सभाको सन्दर्भमा सायल गाउँपालिकाको आर्थिक वर्ष ०७८।७९ को बजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु ।

सायल गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकासशील र स्वस्थ सायल निर्माण गर्ने पथमा हिंडाउने महत्वपुर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु ।

डोटी जिल्ला भौगोलिक हिसाबले सुन्दर जिल्ला हो । देश संघीय संरचनामा गइसकेपछि जनताले नजिकबाट सरकारसँग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलैसँग राख्न सक्ने अवस्था सिर्जना भएको छ । जुन सबैका लागि सुखद् पक्ष हो । तसर्थ यो व्यवस्थालाई मजबुद बनाई आगामी कार्यदिशा जनकेन्द्रित बनाउनु सिंगो गाउँपालिका र जनप्रतिनिधिका लागि चूनौतीको विषय बनेको छ । यद्यपि सायलमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै संभावनाहरु हामीसँग छन् । जल, जमिन, जंगल, जडिबुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्त रुप दिन सक्छ भन्ने विश्वास लिएको छु । कोभिड १९ ले विश्व जनजीवनमा संकट पैदा गरेको आर्थिक सामाजिक अवस्था धरासायी वनिरहेको र त्यसको नकारात्मक असर सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा समेत परेको अवस्थामा यसको सामना गर्नका लागि आवश्यक संयन्त्रहरु चुस्त राखी केन्द्र र प्रदेश सरकारसंग समन्वय र सहकार्य मार्फत कोरोना रोग रोकथाम नियन्त्रण र उपचारका विषयहरुलाई निरन्तर उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने अवस्था छ। उक्त सन्दर्भलाई आत्मसात् गर्दै भावी कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप बजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अनुरोध गर्न चाहान्छु ।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

अव म आगामी आर्थिक बर्ष २०७७।७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहान्छु। बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

(क) कोरोना महामारीका कारण श्रृजना भएका जटिलताहरुसंग सजग रहदै सोही सोही वमोजिम अनुकुल कार्यक्रमहरु वनाई आवश्यक कार्यन्वयन गर्ने।

(ख) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेको आवश्यकताहरु सिघ्र परिपूर्ती गर्दै जीवन स्तरमा गुणात्मक सुधार गर्ने ।

(ग) उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक बिकास गर्ने राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने ।

(घ) आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउदै समुन्नत र समृद्ध समाजबाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने ।

माथि उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न देहाय अनुसर नीतिगत कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

(क) कोरोना महामारीसंग जुध्न स्वास्थ क्षेत्रको सवै संयन्त्रहरुलाई सक्रिय परिचालन सुदृढीकरण र सवलीकरणमा विशेष जोड दिने।

(ख) स्थानीय स्तरमा रोजगारीका अवसरमा वृध्दि।

(ग) चरम गरिवी अन्त्य र पिछडिएका क्षेत्र बर्ग र समुदायको शीघ्र उत्थान गर्दै सामाजिक सुरक्षाको बिस्तार सहित लोककल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग पुऱ्याउने ।

(घ) कृषि क्षेत्रको आधुनिकीकरण व्यवसायीकरण र विविधीकरण,

(ङ) दिगो सडक निर्माण र गुणस्तरी स्तरोन्नती,

(च) शिक्षा स्वास्थ्य खानेपानी र सरसफाईमा उचित लगानी र प्रवर्धन,

(छ) सार्वजनिक प्रशासनको सवलीकरण र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग,

(झ) संस्थागत विकास र नियमन।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

आगामी आर्थिक वर्ष ०७७।०७८ को लागि प्रस्तावित बजेट, योजना तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**आगामी आर्थिक वर्ष २०७८।०७९ को अनुमानित आन्तरिक आम्दानी तर्फ**

| सि नं | आम्दानी शिर्षक | आय अनुमान रकम रु |
|---|---|---|
| १ | ११३१३ - एकीकृत सम्पती कर | 30000 |
| २ | ११३१४ - भुमिकर/मालपोत | 150000 |
| ३ | ११३२१ - घरवहाल कर | 150000 |
| ४ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | 100000 |
| ५ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | 40000 |
| ६ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 300000 |
| ७ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | 5000 |
| ८ | १४२२१ - न्यायिक दस्तूर | 5000 |
| ९ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | 10000 |
| १० | १४२२४ - परीक्षा शुल्क | 30000 |
| ११ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | 350000 |
| १२ | १४२४२ - नक्सापास दस्तुर | 15000 |
| १३ | १४२४३ - सिफारिश दस्तुर | 400000 |
| १४ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | 200000 |
| १५ | १४२४५ - नाता प्रमाणित दस्तुर | 50000 |
| १६ | १४२४९ - अन्य दस्तुर | 50000 |
| १७ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | 50000 |
| १८ | १४२६५ - अन्य क्षेत्रको आय | 50000 |
| १९ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | 30000 |
| २० | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | 50000 |
| २१ | १४३१३ - धरौटी सदरस्याहा | 325000 |
| २२ | १४५११ - बीमा दावी प्राप्ति | 100000 |
| २३ | १४५२९ - अन्य राजस्व | 110000 |
| २४ | १५१११ - बेरूजू | 400000 |

**आगामी आर्थिक वर्ष ०७८।७९ को आय तथा व्ययको विवरण**

**आय तर्फ**

| क्र. सं. | वजेट शिर्षक | रकमा (अंकमा) |
|---|---|---|
| 1 | संघिय सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान | 84500000 |
| 2 | संघिय सरकारवाट सशर्त अनुदान | 153400000 |
| 3 | संघिय सरकारको राजश्व वाँडफाँड अनुदान | 72300000 |
| 4 | संघिय समपुरक अनुदान | 4600000 |
| 5 | संघिय विशेष अनुदान | 20700000 |
| 6 | प्रदेश सरकारवाट वित्तिय समानिकरण अनुदान | 5735000 |
| 7 | प्रदेश सरकारवाट सवारी साधन करको वाँडफाँड | 1360000 |
| 8 | प्रदेश समपुरक अनुदान | 6885000 |
| 9 | प्रदेश विशेष अनुदान | 5000000 |
| 10 | आन्तरिक आम्दानी अनुमान | 3000000 |
| 11 | गत आ व को बैंक मौज्दात | 5000000 |
| **जम्मा रु** | | **362480000** |
| **अक्षेरुपी छत्तीस करोड चौबीस लाख असी हजार रुपैया मात्र ।** | | |

**बजेट बिनियोजन विवरण**

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) |
|---|---|---|
| 1 | कार्यालय संचालन तथा प्रशासनिक खर्च | 43000000 |
| 2 | वडा कार्यालय संचालन तथा प्रशासनिक खर्च | 6000000 |
| 3 | कृषि सिँचाई तथा पशु विकास | |
| | कृषि विकास | 5000000 |
| | सिँचाई | 3000000 |
| | पशु विकास | 2500000 |
| 4 | स्वास्थ्य, आयुर्वेद सेवा तथा पोषण | |
| | स्वास्थ्य | 11500000 |
| | आयुर्वेदिक स्वास्थ्य सेवा | 800000 |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | 400000 |
| 5 | खानेपानी, सरसफाई तथा स्वच्छता (वास) व्यवस्थापन | 6500000 |

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) |
|---|---|---|
| 6 | शिक्षा | 15710000 |
| 7 | कला साहित्य संस्कृती र पर्यटन | |
| | कला साहित्य | 200000 |
| | संस्कृति तथा पर्यटन | 500000 |
| 8 | सडक यातायात तथा पूर्वाधार विकास | |
| | सडक निर्माण तथा मर्मत | 3500000 |
| | गाउपालिका तथा वडा भवन निर्माण | 10000000 |
| | पुर्वाधार विकास | 10000000 |
| 9 | वन वातावरण तथा भू-संरक्षण | |
| | वन वातावरण | 200000 |
| | भू-संरक्षण | 500000 |
| 10 | युवा तथा खेलकुद विकास | |
| | युवा | 300000 |
| | खेलकुद विकास | 500000 |
| 11 | सुचना प्रविधि तथा संचार | 200000 |
| 12 | सुशासन सार्वजनिक सेवा प्रवाह | 300000 |
| 13 | सामाजिक सेवा तथा समावेशी प्रवर्धन | |
| | उपाध्यक्ष संग महिला कार्यक्रम | 2500000 |
| | वालवालिका | 200000 |
| | जेष्ठ नागरिक | 200000 |
| | दलित | 600000 |
| | अपाङ्ग लक्षित कार्यक्रम | 400000 |
| 14 | जोखिम तथा प्रकोप व्यवस्थापन | |
| | कोभिड जन्य महामारी | 2500000 |
| | आकस्मिक प्रकोप | 500000 |
| 15 | सहकारी तथा संघसंस्था सहयोग | 200000 |
| 16 | कानून तथा न्याय सम्पादन | 1000000 |
| 17 | कर्मचारी कल्याण कोष | 500000 |
| 18 | आर्थिक सहायता तथा चन्दा पुरस्कार कोष | 700000 |
| 19 | वडा अन्तर्गत पूजीगत आयोजना कोष | 24000000 |
| 20 | समपुरक कोष | |
| | प्रदेश समपुरक | 6885000 |
| | संघीय समपुरक | 4600000 |
| 21 | सार्वजनिक सम्पती मर्मत सम्भार कोष | |
| | आकस्मिक निर्माण तथा मर्मत | 1000000 |
| | सार्वजनिक सम्पती मर्मत सम्भार | 5500000 |
| | जम्मा विनियोजित रकम रु | **171895000** |

| क्र. सं. | वजेट शिर्षक | रकम (अंकमा) |
| --- | --- | --- |
| 22 | संघिय सरकारवाट प्राप्त हुने सशर्त अनुदान | 153400000 |
| 23 | संघीय सरकारबाट प्राप्त विशेष अनुदान | 20700000 |
| 24 | संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | 4600000 |
| 25 | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | 5000000 |
| 26 | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | 6885000 |
| | आ व २०७८।०७९ को कूल जम्मा वजेट रु | 362480000 |

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

माथि विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा बजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, कार्यपालिकाका सदस्य ज्युहरु,वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण सायलबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुर्‍याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०७८।०७९ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा सायलवासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ–संस्था, र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

विस्ना देवि सिंह

सायल गाउँपालिका, डोटी

२०७८ असार १० गते